नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय २०७४

प.सं. :
च.नं. :

# प्रेस विज्ञप्ति

## मिति: २०८३/०५/१२

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट रसुवा, नुवाकोट तथा धादिङ जिल्लाका विद्युत् पूर्वाधारमा क्षति पुगेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले विद्युत् सेवा पुनर्स्थापनाका लागि उच्च प्राथमिकताका साथ कार्य अघि बढाएको छ। बाढी तथा विपद्का कारण प्रभावित जलविद्युत तथा प्रसारण संरचनामा उद्धार, राहत र विद्युत् आपूर्ति पुनःस्थापना सम्बन्धी जानकारी तपशिल बमोजिम रहेको व्यहोरा अनुरोध।

- हालै आएको बाढी तथा प्रतिकूल मौसमका कारण विभिन्न जलविद्युत् आयोजना तथा विद्युत् प्रसारण संरचनामा परेको प्रभावलाई ध्यानमा राख्दै नेपाल विद्युत् प्राधिकरणमार्फत उद्धार, राहत तथा विद्युत् आपूर्ति पुनःस्थापनाको कार्यलाई उच्च प्राथमिकताका साथ तीव्र रूपमा अगाडि बढाइरहेको। नुवाकोटमा ९० प्रतिशत क्षेत्रमा विद्युत आपूर्ति सुचारु गरिएको र रसुवाको धुन्चेमा विद्युत लाइनलाई यथासिघ्र संचालन गर्ने कार्य भइरको।
- आज पनि भोटेकोशी नदीमा आउन सक्ने सम्भावित बाढीलाई मध्यनजर गर्दै जोखिम क्षेत्रमा रहेका वासिन्दालाई दुई लाखभन्दा बढी SMS Alert मार्फत पूर्वसूचना प्रवाह गरी सुरक्षित स्थानमा सर्न अनुरोध गरिएको।
- बाढीका कारण विभिन्न जलविद्युत् आयोजनामा फसेका कर्मचारी तथा मजदुरको उद्धारका लागि आवश्यक सामग्री, उपकरण तथा दक्ष जनशक्ति सहित थप हेलिकप्टर काठमाडौंबाट प्रभावित क्षेत्रमा परिचालन गरिएको।
- सुरक्षाकर्मी तथा सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी सुरक्षा मापदण्डको पूर्ण पालना गर्दै प्रभावित क्षेत्रमा उद्धार टोली परिचालन गरिएको। विशेषगरी नुवाकोट र रसुवाका विभिन्न जलविद्युत् आयोजनामा फसेका कर्मचारी तथा मजदुरको उद्धार तथा शान्ति बजार क्षेत्रमा रहेका कर्मचारीलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको।
- रसुवागढी जलविद्युत केन्द्रभित्र फसेका चार जना कर्मचारी श्री भक्त बहादुर माझी, श्री बलबहादुर माझी, श्री राजन विक र श्री सुनिल माझीलाई प्रतिकूल मौसमका बीच सकुशल उद्धार गरी सुरक्षित स्थानमा ल्याइएको। त्रिशूली-थ्रि बि जलविद्युत् आयोजनामा सम्भावित उद्धारका लागि आवश्यक तयारी तथा समन्वयको कार्य भइरहेको।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

- बाढीबाट प्रभावित माथिल्लो त्रिशूली ३ ए (६० मेगावाट) जलविद्युत केन्द्रमा मर्मत कार्यका क्रममा भूमिगत पावरहाउसमा फसेका कर्मचारीको उद्धारका लागि विशेष उद्धार अभियान सञ्चालन भइरहेको। उक्त भूमिगत पावर हाउसमा प्रवेश गर्ने केवल टनेलको पुरिएको मुख खोल्न नेपाली सेना तथा दक्ष प्राविधिक जनशक्तिको समन्वयमा आवश्यक उत्खनन उपकरण प्रयोग गरी तीव्र गतिमा कार्य भइरहेको।
- प्रतिकूल मौसम, तीव्र बाढीको वहाव तथा अत्यन्त जोखिमपूर्ण परिस्थितिका बीच नेपाली सेनाले लाङटाङ भोटेकोशी जलविद्युत् आयोजनाको सुरुङमार्गभित्र फसेका २५ जना कामदार तथा कोरियन कम्पनीले प्रवर्द्धन गरेको माथिल्लो त्रिशूली १ जलविद्युत् आयोजनाको टनेलभित्र फसेका र अन्य गरी ३५० जना मजदुर तथा स्थानीयको सफलता पूर्वक उद्धार गरिएको। टनेलभित्र अझै पनि १०० जनाभन्दा बढी मानिसहरू फसेको जानकारी रहेकाले उनीहरूलाई सुरक्षित रूपमा बाहिर निकाल्न नेपाली सेनाको टोली निरन्तर उद्धार कार्यमा जुटिरहेको।
- बाढीबाट प्रभावित जलविद्युत आयोजनामा कार्यरत कर्मचारी तथा मजदुरको अद्यावधिक अवस्था र विवरणको बारेमा सम्बन्धिक आयोजनाका व्यवस्थापाक, IPPAN, नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिहरूसँग मन्त्रालयमा बैठक गरीएको र विवरण अद्यावधिक गर्ने कार्य जारी रहेको। हालसम्म यस क्षेत्रका विद्युत आयोजहनारूमा कार्यरत करीव १००० जना भन्दा बढी कर्मचारी र कामदारहरू सम्पर्कबिहिन रहेको प्रारम्भिक जानकारी प्राप्त भएको।
- बाढीबाट प्रभावित क्षेत्रमा उद्धार तथा खोजी कार्यमा खटिएका सुरक्षाकर्मीका लागि रातिको समयमा समेत उद्धार तथा खोजी कार्यलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्यले २०० थान हेडल्याम्प र ९०० थान ब्याट्री हस्तान्तरण गरिएको।
- बाढीबाट प्रभावित आयोजनामा कार्यरत कर्मचारी तथा मजदुरको जीवनरक्षा र सुरक्षा सर्वोच्च प्राथमिकतामा राखिएको छ। आवश्यकताअनुसार थप उद्धार तथा राहत सामग्री, उपकरण, जनशक्ति तथा हेलिकप्टर परिचालन गरिने।
- विपद्को यस कठिन परिस्थितिमा विद्युत् प्रणालीको सुरक्षित, भरपर्दो तथा निरन्तर सञ्चालन र प्रभावित क्षेत्रमा रहेका कर्मचारी तथा मजदुरको जीवनरक्षालाई सर्वोच्च प्राथमिकता दिइएको छ।

मोहन कुमार शाक्य
सहसचिव एवम् प्रवक्ता